सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १२० ♦ २०८१ साल मंसीर २५ गते मंगलवार ♦ 10 Dec 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेशका बजारमा पहाडका सुन्तला

**खबर दर्पण समाचारदाता**

**मंसीर २४ गते, जनकपुरधाम**

पौष्टिक फल भएर पनि पहाडी जिल्लामा खपत नहुँदा बजार खोज्दै सुन्तला कृषक अहिले तराई झर्न थालेका छन् । यसअघि पनि मधेशका बजार मा पाइने सुन्तला पहाडी जिल्लाकै उत्पादन थिए । यस पटक भने सुन्तला उतैको भए पनि अवस्था केही फरक देखिएको छ। गत वर्षसम्म तर ाईका व्यापारी पहाडी जिल्लामा पुगेर सुन्तला किनेर ल्याउँथे । यस पटकदेखि आफ्नो उत्पादन बिक्री गर्न पहाडका सुन्तला उत्पादक व्यापारी बनेर आफैँ तराईका बजार झरेका हुन् । रामेछाप सुनापति गाउँपालिका र सिन्धुलीको खनियाँखर्कबाट दुई मिनी ट्रक सुन्तला बोकेर प्रेमबहादुर लामा र मिलन खत्री बर्दीबासलगायत मधेशका हाटबजारमा सुन्तला बेच्दै आउनुभएको छ । उहाँहरूलाई पछ्याउँदै रामेछापकै रामबहादुर लामा पनि सुन्तला र जुनारले भरिएको ट्रक लिएर बर्दीबासको शनिबारे हाटमा देखा पर्नुभएको छ ।

आफ्नो उत्पादनको बजारीकरण किसान आफैँले गर्न थालेपछि अहिले बजारमा सुन्तलाको भाउ सस्तिएको छ । बर्दीबासका फलफूल व्यापारीको पसलमा सुन्तला आकार अनुसार प्रतिकिलोग्राम १४० रुपियाँसम्म पर्छ । महँगो भएकाले यसअघि सुन्तला जस्तो पौष्टिक फल सबैको पहुँचमा थिएन ।



सोही बजारमा पहाडका कृषकले सुन्तलाको ट्रक झारेपछि सस्तिएर प्रतिकिलोग्राम ९० रुपियाँ पुगेको छ । सिन्धुलीको रसिलो जुनारको दाम प्रतिकिलो ५० रुपियाँमा झरेको छ । यसअघि फलफूल व्यवसायीले जुनार एक सय रुपियाँ प्रतिकिलो बिक्री गर्दै आएका थिए। एकातिर ताजा र रसिला पहाडी उत्पादन अर्कातिर भाउ पनि सस्तिएपछि उहाँहरूको ट्रक नै पसल बनेको छ । ग्राहक झुम्मिएका छन् । स्वाद र गुणस्तरमा शङ्का गर्नेलाई प्रेमबहादुरले हातमै सुन्तलाको दाना राखिदिएर भन्नुभयो, “पहिले चाख्नुस् । मिठो लागे मात्र लिनुस् । हामी ढाँट्न आएका हौँ र ?”

शङ्का निवारण भएपछि ग्राहकले मन खोलेर किन्ने गरेकाले बर्दीबासको हाटमा सुन्तला ग्राहकको भिडले तरकारी बजार लाई पनि उछिनेको छ। जुनार र सुन्तलाको व्यापार फस्टाउँदै गएको छ ।

ग्राहक उर्लेपछि सिन्धुली खनियाँखर्कका युवा मिलन खत्रीले शनिबार बिहान १० बजेसम्म छ क्विन्टल सुन्तला बिक्री गरेको बताउनुभयो। २४ वटा क्यारेटमा करिब पाँच क्विन्टल सुन्तला ल्याएका रामेछापका प्रेमबहादुर लामाको अब चार क्यारेट सुन्तला मात्र बाँकी छ। ग्राहक थपिँदै गएकाले त्यो पनि केहीबेरमै सकिने उहाँले बताउनुभयो ।

रामेछापकै रामबहादुर लामाले जुनार र सुन्तला गरी १० क्विन्टल जति ल्याएकोमा आधा बिक्री गरिसकेको बताउनुभयो ।

विगतका वर्षमा सुन्तला टिप्ने बेलातिर मधेशका व्यापारी पहाडमै पुगेर गर्ने मोल अत्यन्त कम हुने भएकाले आफ्नो उत्पादनको बजारीकरण गर्न आफैँ अघि सरेको उहाँले बताउनुभयो । “बजार गर्न नजान्दा उता हामी ठगिन्थ्यौँ, यता ग्राहक ठगिन्थे। अनि किन कोही ठगिने ? भनेर सुन्तलाको व्यापार गर्न आफैँ कस्सिनु परेको हो,” उहाँले भन्नुभयो । आफैँ बजारसम्म आएर बिक्री गर्न पाउँदा सुन्तला उत्पादक आत्मनिर्भर हुँदै गएको खनियाँखर्कका युवा कृषक मिलन खत्रीले बताउनुभयो । उहाँका अनुसार किसान आफैँ बजारसम्म पुगेपछि बिचौलियाले मौका नपाउने हुँदा सुन्तला भाग पनि सस्तिएको छ ।

“उत्पादक र उपभोक्ताबिच सिधा सम्पर्कले हामी किसानले सुपथ मूल्य पाएका छौँ। ग्राहकले बजारभन्दा सस्तो र ताजा सुन्तला पाउनुभएको छ,” उहाँले भन्नुभयो । -गोरखापत्रबाट

# बीमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**खबर दर्पण समाचारदाता**

**मंसीर २४ गते, जनकपुरधाम**

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरि एको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष

*बाँकी पृष्ठ २ मा*




**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# एनपीएलका १५ खेल सकिए, कुन टिम कस्तो अवस्थामा ?

**खबर दर्पण समाचारदाता**

**मंसीर २४ गते, बर्दिवास**

मंसिर १५ गतेदेखि काठमाडौंमा जारी नेपाल प्रिमियर लिग एनपीएल क्रिकेटमा १५ वटा खेलहरू सकिएका छन् । सोमबार ब्रेक डे हुनुअगाडिसम्म पोखरा एभेन्जर्स र काठमाण्डु गुर्खाजले ३-३ खेल खेलेका छन् भने बाँकी ६ टिमले ४-४ खेल सकाएका छन् ।

प्रतियोगितामा हालसम्म आइपुग्दा जनकपुर बोल्ट्स अपराजित छ भने लुम्बिनी लायन्स जितविहीन छ । जनकपुर ४ खेलमा ८ अंक जोडेर शीर्षस्थानमा छ भने अंकविहीन लुम्बिनी पुछारमा छ ।

त्यस्तै चार खेलमा ३ जितसहित ६ अंक भएका सुदूरपश्चिम रोयल्स र चितवन राइनोज क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् । ४ खेलमा दुई जितसहित ४ अंक भएको कर्णाली चौथोमा छ ।

तीन खेलमा एक जितसहित २ अंक भएको पोखरा पाँचौंमा, काठमाण्डु छैटौंमा र चार खेलमा एक जित भएको विराटनगर किंग्स सातौं स्थानमा छ ।

यहाँबाट जनकपुर बोल्ट्सको प्लेअफ यात्रा लगभग निश्चित हुँदा बाँकी ३ टोली को हुन्छन् भन्ने रोमाञ्चकता थपिएको छ ।



# बीमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध ....

अदालत काठमाडौँमा फरक-फरक जन्ममिति कायम गरी प्राधिकरणको अध्यक्षमा बहाल रहेको भन्दै मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार सिलवालले पटक-पटक नागरिकताको विवरण हेरफेर गरी व्यक्तिगत लाभ लिएको अनि राहदानीमा केरमेट र जालझेल गरेको आरोपमा उहाँविरुद्ध विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “सिलवालको जन्म मिति २०१५ साउन १५ गते भएको स्वीकार गरे पनि फरक फरक ठाउँमा फरक जन्ममिति उल्लेख गरी नागरिकता, पासपोर्टसहितका अरु कागजात लिएको आयोगको अनुसन्धानबाट खुलेको छ ।”

नेपाल बीमा प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्षको उमेरको हदबाट अनिवार्य अवकाश हुनुपर्नेमा २०८० साल साउन १६ गतेबाट अनिवार्य अवकाशमा जानुपर्नेमा ६६औँ वर्षमा प्रवेश गर्दासमेत पदमा वहाल नै रही पछिल्लो ९ (नौ) महिनादेखि राष्ट्रसेवक पदको दुरुपयोग गरी सिलवालले लिएको लाभ सुविधा रकम ३६ लाख ६२ हजार एक सय ५४ रुपियाँ १६ पैसा जफत र असुल उपर हुनुपर्ने आरोप पत्रमा माग दाबी गरिएको छ ।

सिलवाल निजामती सेवाबाट २०७३।०४।१५ गते अनिवार्य अवकाश प्राप्त गर्नुभएको थियो । त्यस आधारमा उहाँले २०१५।०४।१५ लाई नै जन्म मिति कायम र स्वीकार गरे गराएको भए पनि कूटनीतिक राहदानी तथा विशेष राहदानी प्राप्त गर्न उहाँले भरेको पासपोर्ट फार्म आफ्नो जन्म मिति २०१८ कात्तिक २४ गते उल्लेख गरेको पाइएको आयोगको भनाइ छ ।






## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट -** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह -** सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला -** लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक -** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु -** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर -**समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बालमनोविज्ञानको आधारमा शिक्षण बालबालिका खेल्दै र सिक्दै

**खबर दर्पण समाचारदाता**
**मंसीर २४ गते, जनकपुरधाम**

पछिल्लो समय बालविकास कक्षाका शिक्षिकाहरू शिक्षण विधिमा समयसापेक्ष परिवर्तन ल्याएको छ । बालबालिका बालमनोविज्ञानका आधार शिक्षिकाहरू समयअनुसार अद्यावधि भएर शिक्षण क्रियाकलापमा परिवर्तन ल्याएका हुन् ।

यस क्रममा शिक्षिका रन्जु यादव बालविकास कक्षालाई आकर्षक बनाइ मनोरञ्जनात्मक ढङ्गबाट सिकाइ रहनुभएको छ । एक दशकभन्दा बढी समयदेखि बालविकास कक्षामा अध्यापन गरि रहनुभएकी रन्जु समयसापेक्ष कक्षामा खेल खेलाएर मनोरञ्जनात्मक तरिकाबाट सिकाउन थाल्नु भएको छ ।

बालविकास कक्षामा परम्परागत शैली र सामान्य व्यामहरू गराएर सिकाइँदै आएका उहाँले बालबालिकाको मनोविज्ञान, समयको माग र आवश्यकतालाई ध्यानमा राखेर आफू पनि अद्यावधि भएर सिकाइ गरिरहेको बताउनुभयो । धनुषा जिल्लाको सहिद नगरपालिका २ मनौतीस्थित राष्ट्रिय आधारभूत विद्यालयका बालविकास शिक्षिका रज्जुसँगै बालविकास अन्य शिक्षिकाहरू पनि यसरी नै सिकाइरहनुभएको छ ।

यस्तै, कमला नगरपालिका २ स्थित श्री राप्रावि लकडका बालविकास शिक्षिका चन्द्रकलाकुमारी पासमान शिक्षण सिकाइ गर्दै भन्नुभयो, "बालविकास कक्षाका बालबालिकालाई खेल खेलाएर मनोरञ्जनात्मक विधिबाट अक्षर कसरी चिनाउन, फलफूल कसरी चिनाउने लगायतबारे सिकाएका छौँ ।"

"बालबालिकालाई कक्षामा खेल खेलिरहेको महसुस हुनुपर्छ, भने हाम्रो उद्देश्य उनीहरूलाई सिकाइ रहेका हुन्छौँ", सहिद नगरपालिका ६ हरवाडास्थित श्री आधारभूत विद्यालयका बालविकासका शिक्षिका कञ्चनकुमारी साहले भन्नुभयो, "बालबालिकाहरूको स्थानीयस्तर मा खेलिने खेल, गर्ने मनोरञ्जन, अपनाउने तरिकाबाट नै शब्दपति, वाक्पति, अंकपति, जोड घटाउन सिकाउने गरेका छौँ ।"

प्रारम्भिक बालविकास शिक्षकहरूलाई पाठ्यक्रममा आधारित सामग्री विकास र सिकाइ कुना व्यवस्थापन सम्बन्धी प्रशिक्षित बालविकास शिक्षिकाहरू कक्षामा बालबालिकाको जन्म मिति देखिने गरी भित्तामा टाँसेर राख्दा बालबालिकाले सजिलै आफ्नो वर्थडे (जन्मदिन) थाहा पाएर कक्षाकोठामै र्याम्स गराएर बर्थडे मनाउने कार्यबाट सिकाइ र मनोरञ्जन गराउने गरेको कमला नगरपालिका ७ हथमुण्डा स्थित प्रगतिशील माध्यमिक विद्यालयका शिक्षिका वविताकुमारी यादवले बताउनुभयो ।

"सहिद नगरपालिका र कमला नगरपालिकाको समन्वय, प्लान इन्टरनेशनलको सहयोग तथा आसमान नेपालको आयोजनामा बालविकास शिक्षिकाहरूलाई प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ को आधारमा कम खर्चमा स्थानीय स्तरमा उपलब्ध सामग्रीबाट शैक्षिक सामग्री निर्माण कसरी गर्ने, कक्षामा कसरी प्रयोग गर्ने, कक्षालाई जीवन्त, मनोरञ्जनात्मक कसरी बनाउने, अभ्यास कसरी गराउने लगायतको विषयमा प्रशिक्षण गराइएका थियौँ", आसमान नेपालका कार्यक्रम संयोजक सञ्जीवकुमार साहले भन्नुभयो ।

त्यहाँ सिकेका कला, सीप बालविकास शिक्षिकाहरूले कक्षाकोठामा प्रदर्शन गरिरहेका अनुगमनको क्रममा देखिएको विदेह नगरपालिकाका उपप्रमुख आशादेवी झाले बताउनुभयो।

कक्षाकोठा शिक्षणलाई आकर्षक, मनोरञ्जनात्मक एवम् उत्साहित बनाउन शैक्षिक सामग्री प्रयोगमा ल्याउन नसक्दा विद्यालयको दराजमा धमिराले ती शैक्षिक सामग्री खाइरहेको अवस्था पनि रहेको छ । जानकारी अभावले दराज र बक्समा थन्क्याएर राखिएको शैक्षिक सामग्रीहरू प्रयोगमा ल्याउन बेलाबेलामा प्रशिक्षण कार्यक्रम सहयोगी भएको संयोजक साहको विश्वास छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**पुल महाशाखा**
**बबरमहल, काठमाडौँ**

**संक्षीप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति:२०८१/०८/२५**

नेपाल सरकार, सडक विभाग, बबरमहल, काठमाडौँ द्धारा मधेश प्रदेश महोत्तरी जिल्ला- बर्दिवास नगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | **जंगाहा खोला पुल (१०० मि.) निर्माण**<br>चौडाई- ११ मि.<br>क्यारिजवे (Carriageway)- ७.५ मि.<br>जम्मा लम्बाई- १०० मि. |
| प्रस्तावकको नाम र ठेगाना | सडक विभाग<br>**पुल महाशाखा**<br>बबरमहल,काठमाडौँ<br>फोन नं. ९८५११०२१२२<br>ईमेल -bridgebranch@dor.gov.np |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं, फोन न.०१-४२११७३२<br>ईमेल- info@mopit.gov.np<br>वेबसाइटः www.mopit.gov.np |
| प्रभाव पर्ने जिल्ला/न.पा. | मधेश प्रदेश, महोत्तरी जिल्ला- बर्दिवास न.पा. वडा नं ४ र वडा नं. ५ |
| निर्माण व्यवसायीको नाम र ठेगाना | मेरिना कन्स्ट्रक्सन कं. प्रा.लि.<br>हाडिखोला-१, मकवानपुर<br>फोन नं : ०५७-५२१८६४<br>ईमेल :merinaconstruction99@gmail.com |

माथि उल्लिखित प्रस्तावको संक्षीप्त वातावरणीय अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः** | सडक विभाग<br>**पुल महाशाखा**<br>बबरमहल, काठमाडौँ<br>फोन नं. ९८५११०२१२२<br>ईमेल -bridgebranch@dor.gov.np |


## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

**धनौजी गाउँपालिका**
धनौजी, धनुषा



## डेंगी रोग बाट कसरी बच्ने?

**लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरु नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरु अपनाउनु हुन अनुरोध गरिन्छ:-**

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र बिहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**सम्सी गाउँपालिका**
सम्सी, महोत्तरी

# रविलाई हवाईमार्गबाट पर्सा लगिँदै, छवि स्थलमार्गबाट वीरगन्जमा



**खबर दर्पण समाचारदाता**

**मंसीर २४ गते, बर्दिवास**

सहकारी बचत अपचलन प्रकरणमा रवि लामिछानेलाई बयानका लागि काठमाडौं हुँदै वीरगन्ज लैजाने तयारी गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका एसपी श्यामबाबु ओलियाका अनुसार रविलाई बुद्ध एयरको उडानबाट काठमाडौं ल्याइने छ । त्यसपछि उनलार्य आजै सिमराको उडानबाट वीरगन्ज पठाइने छ ।

यस्तै, अर्का प्रतिवादी पूर्वडीआईजी छविलाल बन्जाडे जोशीलाई भने स्थलमार्ग हुँदै वीरगन्ज पुऱ्याइएको छ।उनलाई आइतबार राति पोखराबाट लगिएको हो । 'अहिले बिहान उहाँ आइपुग्नुभयो,' पर्सा प्रहरी प्रमुख एसपी कुमोध ढुंगेलले भने ।

छविसँगै अर्का प्रतिवादी रामबहादुर खनाल पनि वीरगन्ज पठाइएका छन् ।

# स्वास्थ्य मन्त्रालयले सुरु गऱ्यो 'हेल्लो हेल्थ'




**खबर दर्पण समाचारदाता**

**मंसीर २४ गते, बर्दिवास**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न हेल्लो हेल्थ सेवा सुरू गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले आम नागरिकको स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न एकाइ स्थापना गर्ने मन्त्रीस्तरीय निर्णयपछि हेल्लो हेल्थ स्थापना भएको हो ।

'नागरिकलाई सरल र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले गुनासो एकाइ स्थापना गरेका हौं । तपाईंले भोगेका समस्या तथा गुनासा हामीलाई पठाउनुहोला,' मन्त्री पौडेलले भने ।

अब नागरिकले स्वास्थ्य मन्त्रालय तथा मातहतका निकाय र स्वास्थ्य सेवासँग सम्बन्धित गुनासाहरु टेलिफोन, ह्वाट्सएप, भाइबर, इमेल तथा हुलाकबाट समेत पठाउन सक्नेछन् ।

टेलिफोन नम्बर ११११५ मा फोन गरेर आफ्ना गुनासा राख्न सक्नेछन् । यसैगरी भाइबर र ह्वाट्स एपमा ९८५१३३०५९२ नम्बरमा आफ्ना गुनासा सन्देशमार्फत पठाउन सकिने व्यवस्था मन्त्रालयले मिलाएको छ ।

यसैगरी, इमेलमार्फत हेल्लो हेल्थएट एमओएचपी डट जिओभी डट एनपी मा गुनासा पठाउन सकिनेछ। प्रमुख कन्सल्ट्कयान्ट ट्रपिकल मेडिसिन डा. अनुप बाँस्तोलाको संयोजकत्वमा गत मंसिर १४ गते एकाइ गठन भएको छ। सोही एकाइले हेल्लो हेल्थ एकाइका लागि आवश्यक तयारी गरेर सेवा आरम्भ गरेको हो ।

मन्त्रालयले गठन गरेको समितिमा सूचना अधिकारी डा.भक्तबहादुर केसी, सूचना प्रविधि निर्देशक रमेशराज सुवेदी तथा शाखा अधिकृत गौरीप्रसाद आचार्य सदस्य छन् ।

यसअघि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुमा रहेको हटलाइन नम्बरमा अरु माध्यमसमेत थप गरेर गुनासो तथा सेवासम्बन्धी जानकारी लिने व्यवस्था मिलाइएको मन्त्रालयको जनाएको छ ।




**शुभ स्वस्तिक हस्पिटल प्रा. लि.**
**बर्दिवास मेडिकल हल**
**स्वस्तीक मेडिको प्रा. लि.**
बर्दिवास, महोत्तरी
सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६
**बर्दिवासमा पहिलो CT SCAN सेवा**




**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,